आज मिति २०८१।०१।१८ गते मंगलवार दिनको २:०० बजे मिथिला नगरपालिकाको सभाहलमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहाय अनुसारको प्रस्तावहरूमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री अशोक कुमार भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | |
| २३ | | | |
| २४ | | | |
| २५ | | | |
| २६ | | | |

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु

## मितिः २०८१/०१/१८

**बैठकका प्रस्तावहरुः**

प्रस्ताव नं.१) विभिन्न कार्यविधि सम्बन्धमा ।
**प्रस्ताव नं.२)** प्रशासकीय भवनको पुरानो डि.पि.आर. सम्बन्धमा ।
**प्रस्ताव नं.३)** बर्दिवास नगरपालिका, महोत्तरीको सहमती सम्बन्धमा ।
**प्रस्ताव नं.४)** बालविकास संयोजकको व्यवस्थापन सम्बन्धमा ।
**प्रस्ताव नं.५)** बहुक्षेत्रिय पोषण कार्यक्रमको केन्द्रबाट प्राप्त बजेट सम्बन्धमा ।
**प्रस्ताव नं.६)** जग्गाको न्युनतम मुल्यांकन सम्बन्धमा ।
**प्रस्ताव नं.७)** मि.न.पा.९ को मिथिला डिप ट्युवेल जल प्रवन्ध समितिको पाईप र गेट भल्व सम्बन्धमा ।
**प्रस्ताव नं.८)** मि.न.पा.२ को स्वास्थ्य चौकीमा खानेपानी समस्या समाधान सम्बन्धमा ।
**प्रस्ताव नं.९)** आगलागिको आर्थिक सहयोग सम्बन्धमा ।
**प्रस्ताव नं.१०)** आर्थिक सहयोग सम्बन्धमा ।
**प्रस्ताव नं.११)** राजर्षी जनक विश्वविद्यालयको लागि जग्गा उपलब्ध सम्बन्धमा ।
**प्रस्ताव नं.१२)** कार्यविधि बनाउने जिम्मेवारी तोक्ने सम्बन्धमा ।
**प्रस्ताव नं.१३)** नदिजन्य पदार्थ(ढुङ्गा, गिट्टी, बालुवा आदी) को नियन्त्रण सम्बन्धमा ।
**प्रस्ताव नं.१४)** ईनार मर्मतको गर्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरुः-**

निर्णय नं.१) प्रस्ताव नं.१ माथि छलफल गर्दा यस मिथिला न.पा.मा विभिन्न योजना/परियोजना/सेवा सञ्चालनको लागि आवश्यक पर्ने तपसील बमोजिमको कानुनहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपसीलः
क) मिथिलाको सान, शिक्षित महिला हाम्रो अभियान कार्यक्रम तथा विविध खर्च कार्यक्रम सञ्चालन कार्यविधि, २०८१
ख) मिथिला नगरपालिका नगर फार्मेसी सञ्चालन कार्यविधि, २०८१
ग) मिथिला नगरपालिका अनुगमन तथा सुपरीवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०८१

**निर्णय नं.२)** प्रस्ताव नं.२ माथि छलफल गर्दा मिथिला न.पा.को पुरानो प्रशासकीय भवनको डि.पि.आर.को स्थान परिवर्तन भएको तथा मिथिला संस्कृतिको झलक झल्किने किसिमले भवन निर्माण गर्नु पर्ने भएकोले नयाँ प्रशासकीय भवनको डि.पि.आर. गर्ने निर्णय गरियो ।

**निर्णय नं.३)** प्रस्ताव नं.३ माथि छलफल गर्दा बर्दिवास नगरपालिका, महोत्तरीको पत्र सं.०८०/०८१ चलानी नं.२४०३ मिति २०८०/११/१३ को पत्र बमोजिम मि.न.पा.-१० को रातुखोलाको ५०० मिटर दक्षिण सम्म नदिजन्य पदार्थ विक्रीको लागि सहमती माग सम्बन्धमा यस न.पा.को नदिजन्य पदार्थको ठेक्का सम्बन्धी कामकाज सञ्चालन नभएको हुनाले सहमती उपलब्ध गराउन नसक्ने निर्णय गरियो ।

**निर्णय नं.४)** प्रस्ताव नं.४ माथि छलफल गर्दा बालविकास संयोजकलाई आगामी आ.व.२०८१/०८२ देखी निजले पाउदै आउनु भएका तलब भत्तामा ५० प्रतिशत यस न.पा.बाट भुक्तानी गर्ने निर्णय गरियो तथा यसै अनुसारको प्रतिवद्धता पत्र पठाउने समेत निर्णय गरियो ।

**निर्णय नं.५)** प्रस्ताव नं.५ माथि छलफल गर्दा बहुक्षेत्रिय पोषण कार्यक्रमको लागि संघिय सरकारबाट प्राप्त भएको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.६)** प्रस्ताव नं.६ माथि छलफल गर्दा जग्गाको भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको पत्र सं.०८०/०८१ चलानी नं.१४७८७ मिति २०८१/०१/०५ को पत्र बाट माग भई आएको यस मिथिला न.पा.को विभिन्न वडाको जग्गाहरुको न्युनतम मुल्याकंन गर्नको लागि अन्तर्गतको सबै वडालाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.७)** प्रस्ताव नं.७ माथि छलफल गर्दा मि.न.पा.९ को मिथिला डिप ट्युवेल जल प्रवन्ध समितिको लागि ५०० मिटर ४ ईन्चको कालो पाईप नगर मर्मत सम्भार कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.८)** प्रस्ताव नं.८ माथि छलफल गर्दा मिं.न.पा.२ को स्वास्थ्य चौकीमा खानेपानी समस्या समाधानको लागि ३२ एम.एम.को कालो पाईप २०० मिटर तथा १००० लि.क्षमता भएको पलास्टी ट्यांकी नगर मर्मत सम्भार कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.९)** प्रस्ताव नं.९ माथि छलफल गर्दा मिथिला न.पा.का तपसील बमोजिमको वडामा आगलागि बाट ग्रसित भएका नागरिकहरुलाई तपसील बमोजिमको रकम आर्थिक रुपमा सहयोग गर्ने निर्णय गरियो ।

तपसीलः

क) मि.न.पा.१ को मनिराम यादवलाई रु.५०००० अक्षेरुपि रु.पचास हजार मात्र ।
ख) मि.न.पा.-९ को गोविन्द साहलाई रु.१५००० अक्षेरुपी रु.पन्ध्र हजार मात्र ।
ग) मि.न.पा.४ को कृष्ण महतोलाई रु.४०००० अक्षेरुपी रु.चालिस हजार मात्र ।

**निर्णय नं.१०)** प्रस्ताव नं.१० माथि छलफल गर्दा मिथिला न.पा. अन्तर्गत तपसील बमोजिम वडामा देहाय बंमोजिमको आर्थिक/ईन्धन/सामाग्री सहयोग गर्ने निर्णय गरियो ।

तपसील

क) मि.न.पा.६ को सानुमाया लामालाई स्वास्थ्य उपचारको लागि रु.२५००० अक्षेरुपी रु.पच्चिस हजार मात्र ।
ख) मि.न.पा.१ रामटोलमा डिहवार बाबा डिप ट्युवेल जल प्रवन्ध बोरिङ्गलाई कम्प्रेसर गर्न ३०० (तीन सय) लि. डिजल
ग) मि.न.पा.१ स्थित छठिमाई डिप ट्युवेल जल प्रवन्ध बोरिङ्गलाई कम्प्रेसर गर्न २५० (दुई सय पचास) लि. डिजल
घ) मि.न.पा.११ को दुधपानी सिचाई गर्न ३ ईन्चको कालो पाईप ६०० मिटर ।
ङ) मि.न.पा.४ को राम कुमार सहनीलाई उपचारको लागि रु.४०,००० अक्षेरुपी रु.चालिस हजार मात्र ।

**निर्णय नं.११)** प्रस्ताव नं.११ माथि छलफल गर्दा राजर्षि जनक विश्वविद्यालय जनकपुरधाम, धनुषाको पत्र सं.०८०/०८१ चलानी नं.२६७ मिति २०८०/१२/०४ गत्तेको पत्र बाट उक्त विश्वविद्यालयको भवन निर्माणको लागि माग भई आएको सन्दर्भमा यस मि.न.पा.वडा नं.३ मा रहेको कुशवाहा सामुदायिक वनको अन्दाजी ५० विगहा जग्गालाई विश्वविद्यालयको आवश्यकतानुसार जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१२)** प्रस्ताव नं.१२ माथि छलफल गर्दा मिथिला न.पा.अन्तर्गत रहेका मसला/भिक्स/ सपेता लगायतको रुखहरुलाई उन्मुलन गर्न आवश्यक पर्ने कार्यविधि बनाउने जिम्मेवारी कृषि विकाश शाखा तथा कानुन शाखालाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं.१३)** प्रस्ताव नं.१३ माथि छलफल गर्दा मिथिला न.पा.अन्तर्गत सञ्चालित १० वटा क्रसर/प्रशोधन उद्योग मध्ये ८ वटा क्रसर/प्रशोधन उद्योग (वडा नं.११ मा क्षीरेश्वरनाथ महादेव क्रसर उद्योग तथा वडा नं.२ शुभम वालुवा वासिङ्ग उद्योग बाहेक) को प्राङ्गण तथा सोको नजिक सहित अन्य ठाँउमा वेवारिसे रहेका नदिजन्य पदार्थ(ढुङ्गा, गिट्टी, बालुवा आदी) लाई नियन्त्रण गरि मि.न.पा.कार्यालयमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं.१४)** प्रस्ताव नं.१४ माथि छलफल गर्दा मिथिला न.पा. अन्तर्गत विभिन्न वडाहरुमा खानेपानीको समस्या समाधान गर्न प्राथमिकताको आधारमा तत्काल १० (दश) वटा ईनारलाई मर्मत गर्ने निर्णय गरियो ।